Nepal Adhyayan Journal
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJOL]
ISSN: 2795-1723 (Print), Peer-Reviewed Research Journal
Published by Center for Nepal and Asia Studies
Tribhuvan University, Kathmandu, Nepal
Email : info@cnastu.org.np; Website : www.cnastu.org.np

Research Article

# Renationalization of research

## अनुसन्धानको रैथानीकरण

विद्यानाथ कोइराला/Bidya Nath Koirala,
Tribhuwan University, Kathmandu, Nepal

**Article History**: Received: 6 Dec. 2024, Reviewed: 3 Jan. 2025, Accepted: 7 Feb. 2025

**Corresponding Author**: Biddhaya Nath Koirala, Email: koiralabidyanath@gmail.com

लेखसार

*प्रस्तुत आलेख अनुसन्धानको रैथानीकरण वा स्थानीयकरणका विषयमा केन्द्रित रहेको छ। खोज मानवीय प्रवृत्ति हो र त्यसमा क्रम मिलाउनासाथ अनुसन्धान हुन्छ। यसरी धर्मशास्त्र पढने हो भने अनेकौं खोज भेटिन्छन्। अनुसन्धान भेटिन्छन् र अध्ययन विधि भेटिन्छन्। रैथाने ज्ञानमा गहिरिने हो भने पनि धेरै कुराको रहस्य खुल्छ। यो प्राज्ञिक काम हो। हामीले गर्नुपर्ने। गराउनुपर्ने। पहिचानवादी भएर। सर्जक भएर। पश्चिमाको अभ्यासबाट सिकेर। पश्चिमालाई सिकाउने बर्गत लिएर। रैथाने कुरा खोज्नुपर्छ भन्ने मानसिकता बोकेर। प्रस्तुत लेखले यही कुरा खोजेको छ। लेखमा पूर्वीय दर्शनलाई अनुसन्धानको दर्शन बनाउने तरिका छ। सिद्धान्त बनाउने तरिका छ। विधि बनाउने तरिका छ। पूर्वीय तथा पश्चिमी कित्तामा बाँडिएका दर्शन, सिद्धान्त तथा विधिहरूलाई अनुसन्धान गर्ने गराउने तथा पढने पढाउनेहरूले जोड्न जोडाउन सक्छौं भन्ने धारणा छ। षड्दर्शनमा आधारित अनुसन्धान विधिलाई पश्चिमा विधिको समकक्षमा उभ्याउने उपाय दिइएको छ। रैथाने ज्ञानमा शोधविधि खोज्ने तरिकाको सङ्केत गरिएको छ। त्यसमा क्रमबद्धता थपेर खोजलाई अनुसन्धानविधि बनाउने पद्धतिहरू सुझाइएको छ। हाम्रा उखान-टुक्कामा आधारित भएर अध्ययन गर्न मिल्ने कुरा अभिव्यक्त गरिएको छ। रैथाने अनुसन्धानलाई आधुनिकीकरण, वैज्ञानिकीकरण तथा विस्तारीकरण गर्नमा संस्थागत प्रयास गरेनछौं भन्ने सन्देश छ र एकल प्रयासहरू असफल भएको सन्देश छ। यस्तो प्रयासले आफ्नोपनको अनुसन्धानविधि बन्छ। पश्चिमी जगत्मा हाम्रा विधिहरूले स्थान पाउने सम्भावना पनि बढ्छ। पश्चिमाहरूले पनि यही तरिकाले नवीन दर्शन, सिद्धान्त, तथा शोधविधि बनाएका हुन् भन्ने कुराको जानकारी छ।*

**शब्दकुञ्जी**

अनुसन्धान, खोज, गवेषण, गैह्रउपनिवेशवादी, चेतन, पश्चिमी ज्ञान, पूर्वीय ज्ञान, ब्रह्म।

## १. विषयपरिचय : सूत्रात्मक दर्शन

प्राचीन युनानीले भनेका छन् ज्ञानको भोक हो दर्शन। यसप्रतिको प्रेम हो दर्शन। अरबी तथा पारसीले कारण खोजे। भयो। बुझ्यौं तर के कारणले यस्तो

भयो ? उनीहरूको खोज यसैमा रह्यो । पूर्वीय दार्शनिकले खोजेनन् । देखे मात्र र जे देखे त्यही भने । तिनले आफैंमा खोजे अनुभूत गरे । उनीहरूलाई दार्शनिक भनिएन । मन्त्रद्रष्टा भनियो । मन्त्र देखेका । सूत्र (formula) देखेका । अहं ब्रह्मास्मि (यजुर्वेदअन्तर्गतको *बृहदारण्यकोपनिषद,* १.४.१०) देखिएमध्येको एउटा सूत्रात्मक दर्शन हो । यसको अर्थ हो ब्रह्म बन्ने र म बन्ने एउटै तत्त्व हो । पञ्चतत्त्व । पञ्चभूत । पञ्चमहाभूत । अनुसन्धानको भाषामा म नमूना (sample) हुँ । ब्रह्माण्ड र म एउटै हुँ । यसको सङ्केत हो म चेतन हुँ । ज्योति हुँ । हिरण्यगर्भको अंश हुँ । विज्ञानी शब्दमा तरङ्ग हुँ । लौकिक बोलीमा म आत्मा हुँ । परमात्माको अंश हुँ । ऊचाहिँ अंशी हो । अर्थात् ब्रह्माण्ड पनि परमात्मा वा हिरण्यगर्भको अंशी हो । यसो भन्दा उनीहरूले तीन कुरा एकसाथ भने म पदार्थ हुँ । देखिन्छु । म मन हुँ । उर्ध्वगामी तथा अधोगामी हुन सक्छु । उर्ध्वगामी भए विशुद्ध उर्जा हुन्छु । चेतन हुन्छु, परमात्मासँग जोडिन्छु । मुक्त हुन्छु, निर्वाण हुन्छु । अशुद्ध भए म अधोगामी हुन्छु । जनबोलीमा नरक पर्छु । यसको अर्थ हो मनकै कारण म विशुद्ध भए अध्यात्मवादी हुन्छु । अशुद्ध भए घोर भौतिकवादी हुन्छु । चार्वाकवादी बन्छु । अर्को शब्दमा भन्दा म मेरै नियन्त्रणमा छु । म आत्मा हुँ भन्दा म हिरण्यगर्भको अंश हुँ । त्यसैले हिरण्यगर्भ मेरो अंशी हो । अध्ययनको क्षेत्र पनि म आफै हो । खोज्ने विधि मेरै हुन्छ । अर्थात् विधि व्यक्तिगत हो । यस दर्शनका स्रष्टा महोत्तरीका मटिहानीका याज्ञवल्क्य हुन् ।

## २. अध्ययन विधि र वैदिक दर्शनका सूत्र

प्रस्तुत अध्ययनका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ र वर्णनात्मक, व्याख्यात्मक एवं सूत्र विवेचनात्मक पद्धतिको उपयोग गरी अनुसन्धानको रैथानीकरणका मूल वैदिक स्वरुपलाई विश्लेषण गरिएको छ ।

प्रज्ञानं ब्रह्मः अर्को सूत्रात्मक दर्शन हो । यो कुरा *ऋग्वेद*को शिवसङ्कल्प सूक्त (१८, २५, २६) मा छ । *ऐतिरियोपनिषद्* (३.३) मा पनि यसको व्याख्या छ । याज्ञवल्क्यको *बृहदारण्यकोपनिषद्* (२.३.६, ४.५.१५) तथा *अवधूत गीता* (१.२५) मा पनि यो सूत्र छ । *स्कन्दपुराण* (४.१.१३.१०) मा पनि यसको जानकारी छ । आदि शङ्कराचार्यले आफ्नो *गौडापदकारिका*मा यसको चर्चा गरेका छन् । यसको अर्थ हो सत् त्यो हो र असत् यो हो । सत् र असत् मिलेर हामी बन्छौं । लौकिक भाषामा सत् आत्मा हो । परमात्माको अंश । शरीर चलाउने उर्जा । ब्रह्म उर्जा । असत् भनेको पदार्थ हो । देखिने शरीर । प्रज्ञाबाट यसको जानकारी हुन्छ । यो कुरा जान्ने मूलसूत्र भनेको नेतिनेति हो । सत्य पहिचान गर्ने ज्ञानयोगीको बाटो यही हो । यो होइन, यो होइन अर्थात् नेतिनेति भन्दै अगाडि बढ्ने । अनि टुङ्गोमा पुग्ने ।

ॐ खम् ब्रह्मः (*यजुर्वेद,* ४०. १७) पनि सूत्रात्मक दर्शन हो । अर्थात् आकाश (भतजभच) ब्रह्म हो । त्यही अकाशमा बुद्धले शून्यको दर्शन देखे । श्वासमा देखे । आनापानाको क्रममा देखे । बाहिरिने श्वासमा र भित्रिने श्वासमा । धादिङेली बोलीमा दर्ज्यू राख्ने तामाङ पुर्खाले आकाशमै भएको वायुमा ब्रह्म देखे । दर्ज्यू वायुको सङ्केत हो । वायुबाट ब्रह्माण्ड बन्यो भन्ने सङ्केत । त्यही सङ्केतअनुसार तामाङहरूले डाँडामा हावा लाग्छ भन्ने बुझे । त्यसैले डाँडा छानेरै बसे । डाँडाकै आसपास पुर्खाको पूजा पनि गरे । मृतकलाई पनि डाँडामा नै समाधिस्थ गरे । हामी शोधकर्ताले दर्शन बुझेनौं । त्यसैले लेख्यौं – तागाधारीले तामाङलाई डाँडामा पठाए । आफू मैदानमा बसे । तागाधारी पनि दर्ज्यू पूजक त हो, तर पहिलो अग्निपूजक हो । दोस्रो दर्ज्यू (वायु) पूजक, तेस्रो आकाशपूजक हो, चौथो पृथ्वीपूजक हो र पाँचौं वरुण (जल) पूजक हो । मुद्राचिकित्साले दिने सन्देश यही हो, तर हामी शोधकर्ताले लेख्यौं – जनजाति प्रकृतिपूजक हुन् । तागाधारी मूर्तिपूजक । अमूर्तलाई मूर्त बनाउने आरोपित चिन्तन बुझेनौं । अग्नि देवता, पृथ्वी देवता, आपः देवता भनेर पढ्ने पढाउने तागाधारीलाई प्रकृतिपूजक होइनन् भनिदियौं । अर्थात् दर्शन तथा शोधको सहसम्बन्ध जानेनौं ।

शब्द ब्रह्मः (*ऋग्वेद,* ६.१६४. ३७स १०. ७१. ७स १०. ११४.८; *मैत्र्युपनिषद्,* ७.२२; *बृहदारण्यकोपनिषद्,* ४. १. २; शतपथ ब्राह्मण, २.१. ४.१० ) आदि सूत्रात्मक दर्शन हुन् । पूर्वमीमांसा, वेदान्त, मुकुन्दोपनिषद्मा पनि शब्दब्रह्मको चर्चा छ । आधुनिक विज्ञानमा पनि बिगब्याङ सिद्धान्त छ । खम् ब्रह्मः यजुर्वेदीवेदी चिन्तन हो । आनन्दम्ब्रह्मः सामवेदी चिन्तन हो । अन्न्म्ब्रह्मः अथर्ववेदी चिन्तन हो । यसरी हेर्दा विज्ञान र वेदको सम्बन्ध जान्नका लागि अणुवैज्ञानिकलाई ऋग्वेदसँग जोड्न सकिन्थ्यो । शून्य बुझ्नका लागि बुद्धलाई यजुर्वेदसँग जोड्न सकिन्थ्यो । उनका कर्मकाण्डीय कुरामा विमति हुनाका कारण बुझ्नका लागि योगलाई सामवेदसँग जोड्न सकिन्थ्यो । शरीरमा अक्सिटोसिन र सेराटोनिन कमाउनका लागि र वैदिक शब्दावलीमा ब्रह्मानुभूतिका लागि अथर्ववेदलाई मार्क्सलाई जोड्न सकिन्थ्यो, अन्नमय शरीर जान्नका लागि, खानाका लागि र रोगबाट बच्नका लागि । तत्त्वमसि (*छान्दोग्यपनिषद्* ६.८.७ तथा ६.१२.३) पनि सूत्रात्मक दर्शन हो । *छान्दोग्यपनिषद्*ले त्यसै भन्यो । यो सामवेदको उपनिषद् हो । यसले पनि 'म' र 'त्यो'मा फरक देखेन । 'म' भनेको व्यक्तिगत शरीर हो । 'त्यो' भनेको ब्रह्माण्डलाई आरोपण गरिएको शरीर हो । अर्थात् ब्रह्म बन्ने र जीव बन्ने एउटै तत्त्व हो पञ्चतत्त्व, पञ्चतन्मात्रा ।

हामी त्रिगुणी हौँ र गुणातीत ईश्वर हो। यो अर्को दर्शन हो। साङ्ख्यदर्शनअनुसार म पनि त्रिगुणी हुँ। *भगवतद्गीता* (७.१२) ले पनि साङ्ख्यदर्शनकै चिन्तनलाई आधार बनायो । अर्थात् हामी सत्वगुण भएका मान्छे हौँ । रजोगुण भएका मान्छे हौँ । तमोगुण भएका मान्छे हौँ । कुन गुण बढाउने भन्ने क्षमता भएका मान्छे हौँ । तत् भनेको चाहिँ तीनै गुणभन्दा माथिको गुणातीत हो र त्यही हिरण्यगर्भ हो । परमात्मा त्यही हो र विज्ञानी शब्दावलीमा ब्रह्मऊर्जा (cosmic energy) । न्यायदर्शनले हामी सत्रगुणी हौँ भनेको छ । सोही दर्शनका पछिल्ला दार्शनिकले चौबीसगुणी भनेका छन् । वैशेषिक दर्शनले सातवटा पदार्थ जोडिएका हामी भनी निर्क्यौल गरेको छ । जे होस्, त्रिगुणले नै पञ्चतत्त्व बनाउँछ । त्यसैलाई पञ्चमहाभूत भनिन्छ । अग्नि, आकाश, जल, वायु र पृथ्वी पञ्चमहाभूत हुन् । अर्को शब्दमा भन्दा तीनै पाँच तत्त्व जोडिएर त्रिगुण बन्छ । वैदिक गाथाले भन्छन् – कानमा आकाश हुन्छ । छालामा हावा हुन्छ । आँखामा अग्नि हुन्छ । जिब्रोमा जल हुन्छ । नाकमा पृथ्वी हुन्छ । यिनै तत्त्वको कमबेसीले हामी त्रिगुणी बन्छौँ ।

सत्वगुणीको बलियो मानसपटल हुन्छ र अहिंस्रक चरित्र हुन्छ । गुरुभक्त, दयालु, आत्मनियन्त्रक, यौगिक हुन्छ रजोगुणी उत्सुक हुन्छ। काममा समर्पित, तीव्र इच्छुक, अधैर्य, आत्मपरक र परिणाममुखी हुन्छ। तमोगुणी समयमा सुत्छ। सन्तुलित भोजन गर्छ। खुला दिलको हुन्छ। अरूको प्रशंसक। अरूको चासो लिने। सहयोगी। त्यस्तै सुपाच्य सात्विक खाना हो । श्रम नगरे गडबड गर्ने राजस खाना हो । शरीरले थप उर्जा प्रयोग गरेर पचाउनुपर्ने खाना तामसी हो, तर दर्शन पढेपढाएर पनि आफूमा कुन गुण छ भन्न नसकेका चाहिँ हामी हौँ। नजानेका हामी नै हौँ। अरूको शोध गर्ने तर आफ्नै र आफैँमा शोध गर्न नजान्ने, नगर्ने हामी हौँ।

प्रकृतिमा पनि त्यही गुण छ भनी पुर्खाहरूले त भनेकै थिए । उनको बुझाइमा अँध्यारो वा दुईवटा काठमा लुकेको हुनाले अग्नि तामसी गुणको हुन्छ । सदैव क्रियाशील हुनाले वायु राजसी गुणको हुन्छ । बिजुली र चट्याङ बन्न सक्नेभएकाले विशुद्ध प्रकाश भएकाले सूर्य सात्त्विक गुणको हुन्छ । बोली अग्नि भएकाले तामस गुणी हुन्छ । वायु भएकाले श्वासप्रश्वास राजस गुणको हुन्छ । स्वर्ग भएकाले मन सात्विक गुणी हुन्छ । त्यस्तै मन्त्रयोग तामसी हुन्छ । स्थूल शरीर जोडिएकाले प्राणयोग राजसी हुन्छ । सूक्ष्मशरीर (astral body) जोडिएकाले ध्यानयोग सत्विक हुन्छ। कारण शरीर (ethereal body) जोडिएकाले। यसरी पूर्खाले

गवेषणविधि अपनाए । गाईको पछि लाग्ने विधि । उनका लागि गाई ज्ञान पनि हो । ज्ञानको पछि लाग्ने तरिका अध्ययनविधि हो, शोधविधि हो, गवेषण हो । गवेषण बनाउनासाथ अनुसन्धान संस्कृति बन्छ । सबैले गर्नसक्ने । गराउन सक्ने । हामीले गाईलाई स्थूल जनावर मात्र देख्यौँ । बदलामा केही पनि नखोजे सात्विक दान हुन्छ (*भगवद्गीता,* १७. २० देखि २२) । बदलामा केही खोजे त्यही राजसी दान हुन्छ । अनादर गरिदिए त्यही तामसी दान बन्छ । यसरी जनावर तथा चराचुरुङ्गीमा पनि तीनै गुण हुन्छन् । यसरी पुर्खाले बुझेबुझाएका दार्शनिक ज्ञानलाई हामीले कतै जोडेका छैनौँ । त्यसैले हाम्रा शोधहरू उपरी नबनेर सतही बन्छन् ।

शरीर षड्रसले बन्छ । यो अर्को सूत्रात्मक दर्शन हो । तीतो, पीरो, अमिलो, नूनिलो, गुलियो र टर्रोको साझा नाम षड्रस हो । आयुर्वेदअनुसार यही खानाले त्रिदोष बन्छ । वात, कफ, पित्त भनेको त्रिदोष हो । यिनै वात, कफ तथा पित्तको सन्तुलन आरोग्य हो । असन्तुलन रोग हो । गर्मीमा पित्त बढछ । जाडोमा वात बढछ । पित्त घटाउन स्याउ, तरबुजो, नरिवल तथा बन्दा खानुपर्छ । वात घटाउन पत्रुखाना छोडनुपर्छ । प्रोटिनको मात्रा कम गर्नुपर्छ । हिस्टामाइन्स भएको खानाले कफ बढछ । दही, भेनेगर, रक्सी, अण्डा, माछा यस कोटिमा पर्छन् । तर हामीले प्रोटिन, कार्बोहाइड्रेड, भिटामिन जान्यौँ । षड्रसमध्ये कुन रसमा प्रोटिन, कार्बोहाइड्रेड, भिटामिन छ भनेनौँ । त्यसरी शोध गरेनौँ, गराएनौँ ।

## ३. परिणाम र विमर्श

अनुसन्धानको रैथानीकरण (स्थानीयकरण)का मूलभूत विमर्शहरूलाई तलका विभिन्न उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ :

### ३.१ चुकेको ठाउँ

*वेद, उपनिषद्*लगायत *धम्मपद, त्रिपिटक, मुन्धुम, के* (गुरुङ्गको वेद), बरकीमारको *संरौती* (थारुको वेद), कुरानजस्ता धार्मिक ग्रन्थमा अनेकौँ दर्शनहरू छन् । तिनलाई दर्शन मान्ने संस्कार बनाएका छैनौँ । अनुसन्धानका दर्शन सिकाउँदा त्यसरी भनेका पनि छैनौँ । यसैले हाम्रा धार्मिक ग्रन्थमा भएका दर्शनले अनुसन्धानका दर्शन बन्न पाएका छैनन् । अनेकौँ कारणमध्ये मार्क्सको दीक्षा प्रमुख हो । उनले भनेका छन्– "धर्म दमितहरूको सुस्केरा हो । पाषणहृदयीहरूको मुटु हो । आत्माहीनहरूको आत्मा हो । जनताको अफिम हो" । यो दीक्षा बुझेबुझाएका हामीले धार्मिक ग्रन्थमा दर्शन खोज्ने सोचै बनाएनौँ । तिनलाई अनुसन्धानका दर्शन मान्ने अभ्यासै गरेनौँ ।

परम्परागत ज्ञानलाई रुढीवादी देख्ने चस्मा लगाएका हामीले आफ्ना जीवन्त दर्शन खोजेनौँ । कुन ज्ञान दर्शन हो ? कुन सिद्धान्त हो ? कुन ज्ञान अध्ययनविधि हो ? कुन ज्ञान नतिजा हो ? कुन ज्ञान निष्कर्ष हो ? कुन ज्ञान रूपान्तरक हो ? भन्ने प्रश्नको उत्तर संस्कृतज्ञले पनि ठम्याउन सकेनौँ । गैह्रमार्क्सवादीले पनि आफ्ना धर्मग्रन्थको गहिराइ खोजेनौँ । बुद्धका हरदेशनामा रूपान्तरणको तागत छ । शोध गर्नेले, गराउनेले, पढाउनेले र तालिम दिनेले त्यो तागत खोजेनौँ ।

## ३.२ आशाको दीप

नेपालबाट पनि केही मौलिक खोज र अनुसन्धानहरूका उपक्रम हुँदैछन् । निर्मलमणि अधिकारी र अन्य केही विद्वान्ले सञ्चार साधारणीकरण सिद्धान्त बनाएका छन् कतिपय देशका विश्वविद्यालयमा यसको पढाइ पनि भइरहेको छ । अन्य विद्वान्हरूले विविध क्षेत्रमा अनेकौँ मोडेलहरू बनाएका छन् । कृषि क्षेत्रमा कृषिवैज्ञानिक हाल नेपाल सरकारका सहसचिव वासुदेव काफ्लेले वैदिक कृषि अभियान नै चलाएर व्यापकीकरण गर्ने अभियानमा देखिएका छन् । उनकै प्रयासमा र उनले नै पाठ्यक्रम निर्माण गरेर काठमाडौँ विश्वविद्यालयको कृषि स्नातक (B.Sc.Ag.) मा वैदिक कृषिको पठनपाठन भएको छ । शिक्षामा, स्वास्थ्यमा, कृषिमा र अन्य क्षेत्रमा तिनीहरू विस्तारित हुने पर्खाइमा छन् । यी र यस्ता सकारात्मक कार्यहरूले । धार्मिक पुनरुत्थानका नाममा, सांस्कृतिक पुनरोत्थानका नाममा, पहिचानको नाममा, जिजिविषाका नाममा, अनुसन्धानमा गैह्रउपनिवेशीकरण (decolonization) गर्ने नाममा र धर्म र रिलिजन (पन्थ) मा फरक छ भन्ने बुझाइमा अन्धता चिर्ने काम गरिरहेको छ । अर्थात् धर्म शाश्वत रहेछ । पन्थ धर्म खोज्ने सापेक्ष मार्ग रहेछन् भन्ने प्रत्याभूतिमा । धर्म स्वभाव हो । प्रकृति हो र ब्रह्माण्डीय क्रम हो । वैदिक पुर्खाको शब्दमा ऋत हो भन्ने अर्थमा । अध्ययनमा पुर्ख्यौलीकरण (indeginization) गर्ने गराउने अभ्यासमा । जहाँ बसे पनि जरोमा जोडिनुपर्छ भन्ने डायस्पोरिक सचेतनामा । यो सचेतनाले हामीलाई श्रीमद्भगवद्गीताको यदायदाहि धर्मस्य....सम्झाउँदै गएको छ र अनुसन्धानमा रैथाने दर्शन जोडने अभ्यास गराउँदैछ ।

## ३.३ दर्शनको तरेली

वैदिक पुर्खाले हिरण्यगर्भमा ज्योतिमा सृष्टिको भ्रूण देखे । लिम्बु पुर्खाले तागेरानिङमाफुमामा र त्यो पनि ज्योतिमा । इस्लामी पुर्खाले नूरमा र अल्लाहमा ।

प्रकारान्तले ज्योतिमा । इसाई पुर्खाले जेहोवामा र त्यो पनि ज्योतिमा (कोइराला, २०८०) । सबैले त्यही ज्योतिको प्रार्थना गरे । वैदिक ऋषि विश्वामित्रले गायत्री मन्त्र सिकाए । लिम्बुले ध्यान गरे । इसाईले प्रार्थना गरे । मुस्लिमले आह्वान गरे । बत्ती बालेर उद्घाटन गर्ने राज त्यही हो ।

बुद्धले शून्यमा स्रष्टिको भ्रूण देखे । त्यसैले शून्यकै अनुभूत गरे गराए । विपश्यना त्यही अभ्यास हो । राईहरूले शून्य तथा महाशून्यको चर्चा गरे । यसरी हेर्दा ज्योतिमा भ्रूण देख्ने पहिलो तरेली हो । शून्यमा भ्रूण देख्ने दोस्रो तरेली हो । राई पुर्खाले सुम्निमा र पारूहाङमा सृष्टिको आरम्भ देखे । यो तेस्रो तरेली हो । वैदिक पुर्खाको मनु सतरूपामा इस्लामी पुर्खाको आदम हौवामा, इसाइ पुर्खाको आदम इभमा यसो हेर्दा योनिज सृष्टि यही हो भन्ने बुझिन्छ । लिम्बु पुर्खाले युमामा सृष्टि देखे । यो चौथो तरेली हो । यही भएर वैदिक पुर्खाले योनिज र अयोनिज सृष्टिको चिन्तन दिएका थिए । दभिज, स्वेदज, अण्डज र जरायुजको छुट्टाछुट्टै विकास भएको कुरा भनेका थिए । उनीहरू भन्थे–पहिले वनस्पति सृष्टि भयो । तदन्तर पसिनाले जन्मनेवाला, अनि चराचुरुङ्गी र अन्त्यमा मान्छेको जन्म भयो । चार्ल्स डार्विनभन्दा धेरै वर्षपहिलेको कुरा । हामी अनुसन्धाताले चाहिँ त्यसमा क्रमबद्धता मात्र खोज्यौं । कारण के ? असर के ? क्रम के ? नतिजा के ? यो प्रयोगशालाका अध्येताको र बाहिर खोज्नेहरूको रहर हो । हामी आफैंभित्र खोज्ले पनि यही कुरामा अड्डी कस्यौं । खोज्यौं आफूमा । प्रमाण बाहिरबाट जुटाऊँ भन्ने बानीमा फस्यौं । त्यसैले हाम्रा दार्शनिक तरेलीहरूले व्याख्या पाएन् । ब्राह्मण र उपनिषद्मा वैदिक पुर्खाले यो अभ्यास गरेका थिए । तर त्यसलाई हामीले विज्ञानको दर्जा दिएनौं (कोइराला, २०७७, २०७९) । दर्शनको तरेलीमा अहं मिसाउने हाम्रो अभ्यास हो र तह मिसाउने अभ्यास हो । अर्का शब्दमा भन्दा मेरो दर्शन महान् भन्ने घातक अभ्यास हो । वैदिक पुर्खा तरेलीको मज्जा लिन्थे । त्यसैले *ऋग्वेद* (१.१.१) ले सुरुमैं अग्निमिडे भन्यो । अग्निबाटै ब्रह्माण्ड सुरु भयो । यसलाई *शतपथ ब्राह्मण* (६.१.१)ले व्याख्या गर्‍यो । *निरुक्त निघण्टु* (७.१४) ले थप्यो । *ऋग्वेद*कै (१०.२९.३) अर्को सूक्तले भन्यो –पानीबाट ब्रह्माण्ड सुरु भयो । वायुबाट सुरु भयो (*ऋग्वेद,* ४.४८) । यसैलाई *छान्दोग्य पनिषद्*ले थप विस्तार गर्‍यो । *बृहदारण्यकोपनिषद्*ले विशद उल्लेख गर्‍यो । *ऋग्वेद*कै अनेक सूक्तले भने –अग्नि भनेकै पानी हो । अग्नि भनेकै वायु हो । वायु वा अग्नि भनेकै पानी हो । पानी भनेकै वायु हो । वेदान्तदर्शनले यी कुराको थप छिनोफानो गर्‍यो । चिन्तनका पाटा बुझेका वैदिक पुर्खाले तरेलीमा पनि मज्जा देखे ।

एकअर्काको पूरक पनि बने। किनकि तिनले अहं मिसाएनन्। मेरो चिन्तन ठूलो भन्ने कुरामा शक्ति खर्चेनन् । जे देखे त्यही भने । हामी तुलनामा अल्झियौँ । उनीहरू समन्वयमा रहे । अनुसन्धान गर्नेगराउनेले यो कुरा बुझेनौँ बुझाएनौँ ।

### ३.४ दर्शनगत साम्यता

ग्रिसेली सोचबाट पश्चिमी दर्शन सुरु भयो । इ.पू छैटौँ शताब्दीमा यसको सुरुआत भयो । मिलेटसका थेल्स यसका जनक मानिन्छन् । थेल्सले पानीलाई ब्रह्माण्डको सुरुआत माने। उनी अगाडिका मिस्रबासीहरू पनि यही कुरामा विश्वास गर्थे । बेबिलोनियनले पनि त्यसै भन्थे । थेल्सको प्रमाण थियो पानी तताउँदा बाफ बन्छ। चिस्याउँदा हिउँ बन्छ। उनको यो चिन्तन *ऋग्वेद*को १०.२९.३ सँग जोडिन्छ। यसरी सोच्ने हो भने चिन्तन पूर्ण हुन्छ। पूर्व र पश्चिमको विभेद हटछ र दर्शनगत साम्यता देखिन्छ। वैदिक चिन्तकले विचारको खण्डन मण्डन गरेनन्। बरु एकअर्कामा परिवर्तित हुने कुरालाई जोडेर लगे । पश्चिममा उनका चिन्तन मान्ने र नमान्ने दृष्टिकोण बढाए । फरक अहंमा हो । स्वीकारे थेल्समा ऋग्वेद खोजे पनि हुन्छ र ऋग्वेदमा थेल्स खोजे पनि हुन्छ। समय जोडे वेद पहिला भने हुन्छ र पन्थ जोडे हिन्दू पहिला भने हुन्छ। वेदलाई ज्ञान माने साझा दर्शन माने हुन्छ। ज्ञानलाई पनि मेरो र तेरो भने पश्चिमा पछाडि भने हुन्छ। पूर्वकै चिन्तन पश्चिम गयो भने हुन्छ। तलको तालिका देखाएर दर्शनको विकासक्रम चिनाए पनि हुन्छ।

| **वेद** | **समय** | **दर्शन** |
|---|---|---|
| मिश्र | इपू ४००० | चिहानका भित्तामा ईश्वर चित्र |
| मेसोपोटोमिया | इपू २१५० | दार्शनिक अभिव्यक्ति (narratives) |
| भारतीय महाद्वीप | साझावर्ष (c) १५०० देखि इपू ५०० | वेदसंहिता |
| पर्सिया | इपू १५०० | जरस्थू चिन्तन |
| चीन | साझावर्ष १०४६ देखि इपू २५६ | झाओ वंशीय चिन्तन |
| ग्रिस | साझावर्ष ५८५ देखि इपू ३२२ | थेल्स र अरस्तुको चिन्तन |
| रोम | इपू १५५ | स्तोइसिज्मको सुरुआत। रोम र ग्रीसमा भएको चिन्तन। |

*स्रोत :* https://en.wikipedia.org/wiki/Timeline_of_Western_philosophers, https://www.worldhistory.org/timeline/philosophy/

माथि भनेझैं वेदले हामीलाई स्वीकार्ने दर्शन दिएको थियो । वेदान्तले एक नै अनेक हो र अनेक नै एक हो भन्ने कुराको जानकारी दिएको थियो । हामी प्रतियोगितामा पुग्यौं । के शोध गर्ने गराउनेहरू यो अन्धता तोडन सक्छौँ ? के पश्चिम तथा पूर्वका दर्शनमा साम्यता तथा भिन्नता खोज्दै अगाडि बढन बढाउन सक्छौँ ? के पश्चिमा दर्शन नै ठीक हो भन्ने थोत्रो भाष्य बदल्न सक्छौँ ? के हाम्रा पुर्ख्यौली दस्तावेजको अनिवार्य अनुशीलन गर्नैपर्ने नीति बनाउन सक्छौँ ? के शास्त्रीय तथा रैथाने ज्ञानहरूको सम्मान गर्न गराउन सक्छौँ ? के हाम्रा मुन्धुम, कें, त्रिपिटक, धम्मपद, कुरान, बाइबलका मिति पनि माथिको तालिकामा जोडन सक्छौं ? के दर्शनशास्त्रको मालामा विद्यार्थी तथा विज्ञ कहाँ छौँ भनी खोज्न खोजाउन सक्छौँ ? घोत्लिने त अनुसन्धान गर्ने गराउनेवालाले नै होला नि त ?

## ३.५ सिद्धान्तमा संवाद

चिन्तनमा क्रमबद्धता जोडे सिद्धान्त बन्छ र त्यसले कारण र असर दिन सके त्यही वैज्ञानिक बन्छ । मानव प्रयोगशालामा प्रमाणित भए अनुभवजन्य वैज्ञानिकता हुन्छ । कारण र असर देखाए तार्किक वैज्ञानिकता हुन्छ । प्रयोगशालामा प्रमाणित भए आधुनिक वैज्ञानिकता हुन्छ । शास्त्रसम्मत देखिए आप्तवाक्यीय (testimonial) वैज्ञानिकता हुन्छ । चिन्तनको विशद व्याख्या गरे व्याख्यात्मक वैज्ञानिकता हुन्छ । समकालीन सोचसँग भिडाए तुलनात्मक वैज्ञानिकता हुन्छ । यसरी सोच्ने हो भने हामीसँग अनेकौं वैज्ञानिक चिन्तन छन् । हामीले मानेका शास्त्रमा, लोकायतमा र अभ्यासमा तर हामीले तिनलाई सिद्धान्त मानेनौं । औपनिवेशिक मानसिकताले हामीलाई त्यो बिन्दुमा धकेलिरह्यो । सुरु गरौं शास्त्रीय सिद्धान्तबाट ।

कर्मवाद वैदिक सिद्धान्त हो । बुद्धको सिद्धान्त पनि हो । वेदले पनि बुद्धले पनि यस सिद्धान्तलाई चक्रीय मानेका छन् । दुवैले यो सिद्धान्तमा कारण चिनाएका छन् । असर चिनाएका छन् । विशद व्याख्या गरेका छन् । *ऋग्वेद* १.२४.२ मा कर्मको चर्चा छ । *यजुर्वेद* (३.५३–५४) मा पनि यसबारेको अभिव्यक्ति छ । *ब्रह्मसूत्र* (३.२.३८ र ४१) तथा ब्राह्मण ग्रन्थ, *बृहदारण्यकोपनिषद्, श्रीमद्भगवत गीता,* एवं पुराणमा पनि कर्मका चिन्तनहरू छन् । उदाहरणहरू छन् । सञ्चित कर्म । प्रारब्ध कर्म । काम्यक (आगामी) कर्म र क्रियमाण कर्महरू छन् । अहिले गरिएका कामहरू सञ्चितकर्म हुन् तर भोलिलाई साँचिएका । प्रारब्धकर्म हिजोका कर्म हुन् जन्मदा ल्याइएका । वर्तमानमा गरे गराइएका कामहरू क्रियमाण कर्म हुन । इच्छाएका तर नगरिएका

कामहरू काम्यक कर्म हुन् । वैदिक कर्म आत्मा र मुक्तिसँग सम्बद्ध छ । बुद्धको कर्म दुख र त्यसको छुटकारा वा निर्वाणमा छ । यो काममा अघिल्लो जन्मको कर्म र यस जन्मको कर्मको उत्तिकै हात हुन्छ । त्यही कर्मफलले हामीलाई सांसारिक दुखमा फसाउँछ । बुद्धको *निब्बेदिका सूत्त* (६.६३) अनुसार मान्छेले शरीर, मन तथा बोलीले कर्म गरेको हुन्छ र पुनर्जन्म त्यही कर्मफल हो ।

वैदिक तथा बुद्धको कर्म सिद्धान्तसँग दुर्खाइम र वेभरको कार्यवादी सिद्धान्त (structural functionalism) जोडेर हेर्न सकिन्छ । दुर्खाइमको विचारमा मान्छेले नातामा, क्षेत्रमा, आस्थामा, धर्ममा यान्त्रिक ऐक्यबद्धता (mechanical solidarity) कायम गर्छ। त्यसैले यो संवेगी ऐक्यबद्धता हो। अर्को एकता कामको अन्तरनिर्भरताले सुनिश्चित गर्छ । एउटाले जुत्ता सिउँछ । अर्कोले पालिस लगाउँछ । उनको शब्दमा अर्गानिक ऐक्यबद्धता । कामले खोजेको । रेडक्लिफ ब्राउनले यसलाई सामान्य सम्बन्ध मानेका छन् । यसो हुनुमा उनले सामाजिक नियम तथा मूल्य मान्यताको तागत देखे । त्यहीँ टाल्कोट पार्सन्सले कामको पूर्वाधार तथा वातावरणको खेल देखे । दुर्खाइमको सोचमा समाज एउटा अवयव (organism) हो र त्यसमा श्रमविभाजन हुन्छ । वेभर र दुर्खाइमको विवाद अवयमा काम कि काममा अवयव न हो । यसरी हेर्दा वैदिक तथा बुद्धको कर्मसिद्धान्त यो जन्म तथा पूर्वजन्ममा जोडिन्छ । दुर्खाइम, वेभर, पार्सन्स, ब्राउनले वर्तमान समाजको मात्र कुरा गर्छन् भने हुन्छ । वेद तथा बुद्धको विचारमा हिजोका कुरा पनि सामाजिक कार्य (social action theory) ले निर्धारण गरेको हुन्छ । साङ्केतिक सिद्धान्तचाहिँ सूचकसँग सम्बन्धित हुन्छ । शोध गर्ने गराउनेले यसरी खोज्ने खोजाउने हो भने हामी एकाङ्गी हुनुपर्दैन । भिन्न कर्मवादहरू एकै पटक सिकाइ हुन्छन् । अर्थात् चिन्तनगत समानता पनि थाहा हुन्छ र भिन्नता पनि थाहा हुन्छ ।

वेदमा भगाइवाद (skepticism) छ (*ऋग्वेद,* १०. १२९. ६ र ७) । प्रश्न गर्ने चूप रहने कुरो नकाट्ने र सोच अर्कातिर फर्काइदिने । बुद्धको भगाइवाद चूप बस्ने खालको छ र आत्माबारे, ईश्वरबारे, ब्रह्माण्डको उत्पत्तिबारे । वेदमा विमति पनि छ । यज्ञविरोधीप्रतिको असहिष्णुता पनि छ । वेद-निन्दकप्रतिको असहिष्णुता छ । बुद्धदर्शनलाई नास्तिक भन्नुको कारण यत्ति हो । समालोचना पनि छ । उहाँ यसो भन्नुहुन्छ । म यसो भन्छु । यसरी विमति जनाउनु आलोचना हो । यतिमा सहमति यतिमा असहमति भन्नु समालोचना हो । पूँजीवादमा विमति जनाउनु

अहिलेको समालोचनात्मक चिन्तन (critical thinking) को मूल अभ्यास हो । वास्तवमा त्यो आलोचना मात्र हो । साम्यवादमा विमति मात्रै जनाउनुलाई पनि आलोचना नै भन्नुपर्छ । समालोचना भन्ने हो भने पूँजीवादको यो मन पराउँछु । यो मन पराउँदिनँ भन्नुपर्छ । साम्यवादको यो मन पराउँछु । यो मन पराउँदिनँ भन्नुपर्छ । यस अर्थमा मार्क्सको चिन्तनमा बनेबनाइएका सोचहरू स्वयंमा समालोचनात्मक सिद्धान्त (critical theory) का होइनन् । आलोचनात्मक चिन्तन मात्र हुन्- प्रश्न गर्न लगाउने, सोच्न लगाउने र खोज्न लगाउने ।

प्रश्न गर्नु समालोचनात्मक सोचको जग बनाउनु हो । प्रश्नगर्ने चिन्तन वेद तथा उपनिषद्मा पर्याप्त छन् । किनकि ती कसैका उपदेश होइनन् देखिएका ज्ञान हुन् र अनुभूत गरिएका ज्ञान हुन् । यसरी सोच्नासाथ हामी आआफ्ना पन्थीय गाथामा समालोचनात्मक चिन्तन देख्छौँ । ती चिन्तनलाई मार्क्सको सिद्धान्तसँग जोडन सक्छौँ । त्यसलाई समर्पणका रूपमा । आलोचनाका रूपमा, समालोचनाका रूपमा र नवसिर्जनाको रूपमा । यसरी अनुसन्धातालाई बताउने हो भने ऊ स्वतः गैह्रउपनिवेशवादी अनुसन्धाता बन्छ र जनज्ञानको अनुसन्धाता बन्छ । यस क्रममा उसले आफूले आफैंलाई खोज्न थाल्छ र मेरो जरोकिलो कहाँ रहेछ भन्न थाल्छ- ज्ञानको जरोकिलो, विज्ञानको जरोकिलो, प्रविधिको जरोकिलो, यसो गर्नासाथ ऊ प्रत्याभूतात्मक अनुसन्धाता (reflective researcher) बन्न जान्छ । परिणामतः नयाँ दर्शन, सिद्धान्त, अध्ययनविधिको सर्जक बन्छ (https://journals.sagepub.com) । अनि स्वतः ऊ गैह्रऔपनिवेशिक अनुसन्धाता बन्छ । इटालीका प्राध्यापक ल्युगिना मोर्टारी (Luigina Mortari) ले भनेझैं हरेक सिद्धान्त, दर्शन, तथा शिक्षणविधिमा प्रत्याभूति गर्न थाल्छ ।

द्वन्द्व अर्को समाजशास्त्रीय सिद्धान्त हो र यस सिद्धान्तको कुरा गर्नासाथ मार्क्स नै जोड्ने चलन छ । वर्गबाट हेर्ने र त्यसैलाई निर्णायक मान्ने । मार्क्सवादी बोर्ड्यू जोडेर संस्कृतिक भिन्नता वा कमजोरी मात्रै केलाउने । यसैमा कपिलमुनि जोडे त साङ्ख्यको द्वैत जानिन्छ । प्रकृति र पुरुषको सहसम्बन्धको द्वैत, उर्जा/चेतन/तरङ्ग र पदार्थको द्वैत, अध्यात्म र भौतिकको द्वैत र बुद्ध जोडे प्रत्युतसमपाद (dependent co-arising) जानिन्छ । सुख र दुख एकै ठाउँमा हुने कुरा, घाम र छायासँगै आउने कुरा र एकअर्कासँगको अन्तरनिर्भरताको कुरा । यो अर्काखाले द्वैत हुनजान्छ । यसैगरी स्थिति भिन्नता (positional changes) को आखाँबाट द्वैत बुझ्ने ज्याक्स

डेरिडा जानिन्छ । संरचना त्यही र पात्रको स्थितिमा भिन्नता ल्याउनासाथ परिवर्तन हुन्छ । सर्वत्र शक्ति छ । पुराणको विश्लेषणमा कहिले देवीमा शक्ति देखिन्छ र कहिले विष्णुमा, कहिले शिवमा देखिन्छ र कहिले अन्त कतै । मिसेल फुकोको आँखाबाट हेरे पनि त्यस्तै देखिन्छ । अर्थात् फुको र पुराण जोडन जोडाउन सक्ने ठाउँहरू छन् । यसबारे हामी अनुसन्धान गर्ने गराउनेहरू सचेत बन्नुपर्ने देखिन्छ ।

### ३.५.१ नारीवादी सिद्धान्त

वैदिक चिन्तकका लागि नारीहरू बाम शक्ति हुन । शवलाई शिव बनाउने । लौकिक शब्दमा लासमा श्वास जोडने तागत भएका । वैदिक शब्दावलीमा सरस्वती शक्ति हुन् । सात्त्विक शक्ति, विशुद्ध सेतो उर्जा, ब्रह्म चिनाउने उर्जा, जनबोलीमा विद्याकी देवी र लक्ष्मी अर्की शक्ति हुन् । धनकी शक्ति, राजसी शक्ति र रातो उर्जा । त्यस्तै काली भनेकी कालो उर्जा हुन् ब्रह्म (cosmic energy) को जानकारीमा शान्त उर्जा/चेतन/तरङ्गको अवस्था शिव हो । शिवसँग हुने पार्वती हुन् । उमा हुन् । माहेश्वरी हुन् । ती सबै उर्जा/चेतन/तरङ्गको नाम हो । कम्प्युटरीय शब्दावलीमा सफ्टवेर । ब्रह्मको हलचलको अवस्था विष्णु हो । त्यहाँ हुने नारीशक्ति लक्ष्मी हुन् । विष्फोटको अवस्था रुद्र हो । त्यहाँ हुने नारीशक्ति काली हुन् । तन्त्रविद्याले यसको विशद व्याख्या गरेको छ । यसैले वैदिक पुर्खाले अर्धनारीश्वर (*ऋग्वेद*, १०.१२९) को चिन्तन दिए । आधा पुरुषशक्ति, आधा नारीशक्ति र तदनन्तर पूर्णता । यजुर्वेदीय कर्मकाण्डमा पत्नीसहित पुज्ने विधि बन्नुको कारण यही हो । देव तथा पितृकार्यमा सपत्नी भन्ने शब्द पर्नुको कारण पनि यही हो । साङ्ख्यदर्शनले प्रकृतिबिना पुरुष देखिन्न र पुरुषबिना प्रकृति चिनिन्न भन्नुको रहस्य पनि यही हो । यही कुरालाई स्कन्दपुराण, शिवपुराण, लिङ्गपुराण, वायुपुराण, कूर्मपुराण, मार्कण्डेयपुराण, मत्यपुराण आदिले प्रशस्त चर्चा गरेका छन् । यस दर्शनले दुबैलाई आध्यात्मिक (iternal) र अन्तरनिर्भर तत्त्वका रूपमा मानेको छ । यसका अनुसार प्रकृति (matter) त्रिगुणी हो सत्व, रज, र तम गुण भएको । पुरुष (cosmic energy) निर्गुणी वा गुणातीत वा गुण नभएको विशुद्ध हो । यही कुरालाई फ्रिटजोफ काप्राले ताओ अफ फिजिक्समा पनि जोडेका छन् ।

माथिको सन्दर्भलाई नारीवादी सोचसँग जोड्ने गतिलो सम्भावना छ । नारीवाद भनेकै समानताका लागि हो । पुरुष तथा नारीको समताका लागि गरिने प्राज्ञिक, सांस्कृतिक, तथा सामाजिक अभियान हो । अर्धनारीश्वर अन्तिम लक्ष्य हो ।

पहिलो वेभको नारीवादले संवैधानिक तथा सामाजिक परिवर्तन गरेर नारीपुरुषको समता (equity) खोज्यो । दोस्रो वेभले घरमा, काममा र सार्वजनिक जीवनमा समता खोज्यो । तेस्रो वेभको नारीवादले अन्तरसङ्काय (intersectionality) को समता खोज्यो । वर्गीयतामा समता, भूगोलमा समता, जातजातिमा समता र यौनाभिमुखीकरण (sexual orientation) मा समता खोज्यो । अहिले पनि तदनन्तर अभियान (me too and beyond movement) चलिरहेको छ । काला जातिको नारीवाद, सांस्कृतिक नारीवाद, पर्यावरणीय नारीवाद, उदार/मूलधारीकरणको नारीवाद, मार्क्सवादी/सामाजिक नारीवाद, बहुजातीय नारीवाद, तथा आमूल परिवर्तनकारी नारीवाद (radical feminism) सबैको गन्तब्य अर्धनारीश्वर नै हो-समशक्ति, सममान्यता, समसुविधा र समअवसर । यसरी हेर्दा अहिलेका नारीवादी सिद्धान्तहरू पन्थगत विविधता मात्रै हुन् । यसरी अनुसन्धाता तथा प्राध्यापकलाई जोड्न सक्ने सहज उपाय छ। हामी त्यसतर्फ अग्रसर हुने कि नहुने ? प्राज्ञिक प्रश्न यत्ति मात्र हो ।

## सामाजिक आदान–प्रदानको सिद्धान्त

ॐ सह नाववतु *तैत्तरीय उपनिषद्* तथा *श्वेतश्वेताम्बर उपनिषद्*मा भएको शान्तिमन्त्र हो । भद्रं कर्णे अर्को शान्तिमन्त्र हो । मुण्डकोपनिषद् तथा प्रश्नोपनिषद् को मन्त्र हो यो । यस्ता अनेकौँ मन्त्र छन् वेदमा र तिनका उपनिषद्मा । ती सबै मन्त्रले सामाजिक आदान–प्रदानको सिद्धान्त अपनाएका छन् । दर्शन तथा सिद्धान्त कार्यान्वयन गर्न अनेकौँ नीतिहरू छन् । शुक्रनीति । पराशरनीति । मनुस्मृति, याज्ञवल्क्यस्मृति । समयसँग कति नीति बेकामे होलान् । कति अझै सार्वकालिक छन् । तिनमा सामाजिक आदान–प्रदानको चिन्तन छ । ऋग्वेदको पुरुषसूक्त (१०–९०–२, *अथर्ववेद,* १९.५, *भगवद्गीता* २.५.३५) मा वर्णाश्रमको चिन्तन छ । मोहन तिम्सिनाले (२०८०) आफ्नै शरीरमा आरोपित गरी व्याख्या गरेका छन् । त्यसैलाई लुइस डुमन्ट (सन, १९८९) ले आफ्नो पुस्तक *दि हाइरार्किकस*मा एकअर्कामा अन्तरनिर्भरताको चिन्तनका रूपमा प्रस्तुत गरेका छन् । मर्दा र पर्दा सघाउने लौकिक अभ्यासलाई ध्यानमा राख्दा पश्चिमा सामाजिक आदान–प्रदानको सिद्धान्त जोडन सकिने ठाउँछ । त्यसमा पनि आशा नराखी सहयोग गरे सात्त्विक सहयोग । लेनदेन वा ऐँचोपैँचोका रूपमा सघाए राजसी सहयोग र कमजोर ठानेर वा हेपेर सघाए तामसी सहयोग हुने धार्मिक व्याख्या छ ।

सामाजिक आदान-प्रदानको पश्चिमा सिद्धान्तले भन्छ– मोलमोलाइमा सामाजिक आदान-प्रदान हुन्छ । नाफामा सामाजिक आदान-प्रदान हुन्छ । अपेक्षामा सामाजिक आदान-प्रदान हुन्छ । हाम्रा सामाजिक आदान-प्रदानका अभ्यासले तिनलाई राजसी सिद्धान्त मान्छ । अरू खाले सामाजिक आदान-प्रदानका लागि सोही सिद्धान्तको विस्तार गर्न सकिन्छ । मार्क्सले नभनेका कुरामा मार्क्सवाद बनाएजस्तो । पश्चिमा सिद्धान्त विस्तार गरे पनि हुने र पूर्वीय सिद्धान्त विस्तार गरे पनि हुने ।

### ३.५.३ लेबलिङ सिद्धान्त

भिन्न देखिनेलाई होच्याउने हाम्रो कुसंस्कृति हो । अष्टावक्रलाई होच्याएकै हो र दलितलाई होच्याएकै हो । एकअर्का जातजाति, भाषा, भूगोल, पहिरन आदिका मानिसले अरूलाई होच्याएकै हो । परिणामतः अनिच्छावश हामी त्यसलाई पचाउन अभ्यस्त थियौं । अहिले त्यो अभ्यासमा अनेकौँ खोट देखिएका छन् । नकारात्मक परिणाम देखिएका छन् । उनीहरू फरक क्षमताका मानिस हुन् भन्ने दृष्टिकोण बनेको छ । पश्चिमा लेवलिङ सिद्धान्तले त्यसै भन्छ । यस सिद्धान्तलाई सामाजिक प्रतिक्रिया सिद्धान्त (social reaction theory) पनि भनिन्छ । मानकभन्दा भिन्नलाई खिस्याउनाले उसमा हीनमनोग्रन्थी क्रियाशील हुन्छ । उसमा आपराधिक सोच आउन सक्छ । खिस्याउनेमा आत्मरति (self fulfi prophecy) विकास हुन्छ । यो साङ्केतिक अन्तरक्रियाको सिद्धान्तकै (symbolic interaction theory) अङ्ग हो ।

रामायणले भन्छ– अष्टावक्र राजर्षि जनकको दरबारमा गए । विद्वत्सभामा पुगे । आठ ठाउँमा बाङ्गो र होचो कदका उनलाई देखेर सबै विद्वत्जनले अट्टहास गरे । त्यो देखेर उनले राजर्षि जनकलाई भने– मैले सोचेथेँ म विद्वत्सभामा आएको छु । तर मैले त यहाँ छालाका पारखीहरू मात्र देखेँ । उनको यस भनाइले लेवलिङ्ग सिद्धान्तलाई चुनौती गर्छ । अर्को प्रसङ्ग हो जनबोलीको । जनबोलीले भन्छ "आमाआमा ! तपाईलाई बोक्सी भन्छन्" । यो छोरीको भनाइ हो । "भन्न नानी जस्तो देख्छन् त्यस्तै भन्छन्" । यो आमाको भनाइ हो । यो भनाइले प्रश्न उब्जाउँछ लेवलिङ्ग समस्या हो कि ? लेवल लगाइएको व्यक्तिले कसरी लिन्छ भन्ने समस्या हो ? अनुसन्धान गर्ने गराउनेहरूले यसरी सोच्नासाथ चिन्तनमा परिवर्तन आउँछ । पश्चिमी चिन्तनमा अभ्यस्तहरूलाई हाम्रा चिन्तनको तागत बुझ्न बुझाउन मद्दत गर्छ । यसबाहेक हाम्रा हर उखानटुक्काहरूमा सिद्धान्त अनुभवीय सिद्धान्त छन् । थ्याच्च नबस्नू प्याच्च नबोल्नू । अचानोको पीर खुकुरीले जान्दैन । घाँटी हेरेर हाड

निल्नुपर्छ । बोल्नेको पीठो बिक्छ, नबोल्ने चामल पनि बिक्तैन । यी र यस्ता अनेकौं उखानटुक्कामा सिद्धान्त छन्– जातका, जातिका, भूगोलका, धर्मका र नभए खोज्न सकिन्छ । बनाउन सकिन्छ । यिनमा पश्चिमी सिद्धान्त जोड्न सकिन्छ । तोड्न सकिन्छ । मिलाउन सकिन्छ । यो काममा हामीले  हात नहालेको मात्र हो ।

## ३.६ शोधविधिको सम्भावना

विधि एउटै मात्र हुन्छ कि शोधखोज गर्नेको रहर अनुसारको हुन्छ ? लडाइ यहीँ हो । एउटै हुन्छ । गणनात्मक (quantitative /positivist) अध्येताको मान्यता हो, फरक हुन्छ । यो गुणनात्मक (qualitative/interpretivie) अध्येताको विश्वास हो । त्यति हुँदा पनि पश्चिमी मान्यताबाट बाहिरिन नसक्नु गुणात्मक अध्येताको समस्या हो । प्रश्न गरौँ तरकारी पकाउने विधिबाट । थारुले पानीमा माछा पकायो । पछि तेल मसलाले झान्यो । पहाडेले तेल ततायो । मेथी, लसुन आदि पडकायो । अमेरिकीले सिर्फ उसिन्यो । अनि भेनेगर आदि मिसायो । अब प्रश्न गरौँ कुन विधि ठीक हो ? अनुसन्धान गर्ने गराउनेले यो प्रश्न सोध्नासाथ अनेकौं विधि जन्मन्छन् र जन्माइन्छन् । अन्यथा हामी मधेसमा स्नोबलिङ्ग विधि रटाइरहन्छौं । त्यहाँ घुरतपाइ विधि जन्माउन सक्तैनौं । पहाडमा ढडियाविधि जन्माउन सक्तैनौं । हिमालमा चौंरीपल्टाइविधि जन्माउन सक्तैनौं । अर्थात् कुरा विधिगत गैह्रउपनिवाद (methodological decolonization) को गर्छौं । कामचाहिँ पश्चिमा शोधविधि नै ठीक हो भन्छौं । विजय पन्तले प्रयोग गरेको मृगव्याधा शोधविधिलाई पनि प्रचार गर्न सकेनौं । यसको अर्थ हो शोध गर्ने गराउनेहरूले दुईवटा काम एकसाथ गर्नु पर्नेरहेछ । पहिलो, रैथाने विधिको पहिचान गर्नु र दोस्रो, पहिचान गरिएको विधिको प्रचार गर्नु । पश्चिमाहरू यस मानेमा सिपालु छन् ।

शोधलाई प्रामाणिक मान्न षड्दर्शनका आआफ्ना प्रमाण छन् । न्यायदर्शनमा आधारित अध्ययनविधिले तर्क (reasoning), संवाद (debating), तथा नजिर (inferring) खोज्छ कारण र असर खोज्छ । धुवाँ र आगोको जस्तो । कारणमा आधारित इन्द्रियले अनुभूत गर्ने प्रमाण खोज्छ । न्यायको शब्दावलीमा पूर्ववत् कारण असरमा आधारित । त्यसकै शब्दावलीमा शेषवत् कारण छ । अवलोकनमा आधारित कारण छ । त्यसकै शब्दावलीमा सामान्यतः द्रष्टा छ । उपमा (analogy/comparision) खोज्छ- सदृश्य ज्ञान । बाघ चिन्न बिरालोजस्तो प्रामाणिक शब्द (verbal testimony) खोज्छ । त्यसको आधारमा सिद्धान्त बनाउँछ । यी कुरा जोडेर अनुसन्धानको न्यायविधि भने के हुन्छ ? हामी अनुसन्धान गर्ने गराउनेले सोचेका छौँ त ? अभ्यास गराएका छौँ त ?

साङ्ख्यदर्शनले सत्य स्थापित गर्न तीनवटा प्रमाण खोज्छ- प्रत्यक्ष प्रमाण, अनुमान प्रमाण र शब्द प्रमाण । अर्थापत्ति (postulate/ presumption) अर्को प्रमाण हो र यो भनेको उपकल्पना हो । महिमा राति सुत्तिनँ भनेको अर्थ दिउँसो वा बिहान सुत्ने पनि हुन सक्छ । सुत्दै नसुत्ने पनि हुन सक्छ र यो उपकल्पना हो । अनुपत्ति (cognitive proof) अर्को प्रमाण हो वा तार्किक प्रमाण बौद्धिक प्रमाण । अनुसन्धाताले आफैं देखे वा भोगे प्रत्यक्ष प्रमाण हुन्छ । अनुमान प्रमाण खोज्छ । पुस्तक वा लेखमा भएको प्रमाण साङ्ख्यका लागि शब्द प्रमाण हो । आधिकारिक व्यक्तिले भनेको कुरा पनि शब्द प्रमाण हो ।

वैशेषिक दर्शनले प्रत्यक्ष अवलोकन र नजिरसहितको तार्किक कुरालाई प्रमाण मान्छ । अणु र परमाणुको चिन्तन गर्छ र परमाणुलाई अविनाशी मान्छ । हर कुरामा त्यसको द्रव्य खोज्छ । अर्थात् त्यो वस्तुमा भएका पञ्चतत्त्वको खोजी गर्छ । गुणको खोजी गर्छ । हामी त्रिगुण जान्दछौँ । वैशेषिक सत्रवटा गुणको खोजी गर्छ । त्यसकै कर्म अर्थात् काम खोज्छ । त्यसका आधारमा ज्ञानको सामान्यीकरण (generalization) गर्छ । विशेष भनेर विशिष्टताको खोजी गर्छ । सामव्य भनेर कारण तथा असरको सहसम्बन्ध के छ भनी खोजी गर्छ । अन्त्यमा अभव भनी त्यसको अस्तित्व छ वा छैन भनी टुङ्गो दिन्छ । यति मिहिन तरिकाले अध्ययनको नतिजा निकाल्ने विधिले गणनात्मक विधिको मान्यता पाउँदैन र ? म वैशेषिक विधि अपनाएर अनुसन्धान गर्छु गराउँछु भन्न भनाउन सकिँदैन र ? तर हामी गरिरहेका छैनौँ । यो कुरा गणनात्मक अनुसन्धाता भनिरहेका हुन्छौँ । प्रयोगशालामा गरिने अनुसन्धाताले वकालत गरिरहेका हुन्छौं । तर हामीले वैशेषिक विधिमा आधारित अध्ययन भन्न किन सक्तैनौँ ? किन जानेनौँ ? उनले हर्म्युनिटिक विधि त भनेकै थिए । हामीले नारदीय विधिमा अर्थ्याउँछु (interpret) भन्न किन सकेनौँ ? प्रश्न हामी अनुसन्धान गर्नलाई हो र गराउनलाई पनि हो । पढाउने तथा पढनेलाई पनि हो ।

योगदर्शनले तीन कुरालाई प्रमाण मान्छ प्रत्यक्ष प्रमाण, अनुमान वा तर्क प्रमाण र आगम वा शब्द प्रमाण । यो आफैंमा अनुसन्धान गर्ने तरिका हो । आँखा चिम्लिनु एउटा विधि हो र आँखा खोल्ने अर्को विधि । आँखा आधा खोल्नु वा अर्धमुदित हुनु तेस्रो विधि हो । श्वास फेर्नु एउटा तरिका हो । नाकको टुप्पो हेर्नु अर्को तरिका हो । भृकुटी हेर्नु अर्को तरिका हो । मन्त्र जप्नु अर्को तरिका हो । मूर्ति सम्झनु अर्को तरिका हो । शून्य वा आकाश सम्झनु अर्को तरिका हो । योगको

यो अभ्यासले भन्छ– विधि रुचिको हुन्छ । यही विधि ठीक हो भन्नु एउटा कुरा हो म यो विधि मात्रै जान्दछु वा यो विधिबाट ज्ञानार्जन गर्छु भन्नु बौद्धिक उपाय हो । यसबाट सन्देश मिल्छ कि शोध गराउनेले यो विधि नै ठीक हो भनेमा पुनत्पादन (reproduction) हुन्छ । शोधार्थीलाई आफू केमा सहज छु भनी खोजाए बुद्धको सन्देशको कार्यान्वयन हुन्छ । शोधार्थीले स्थान, समय, आवश्यकता, आदि जोडेर आफ्नो  विधि बनाए सर्जक काम हुन्छ ।

मीमांसा भनेकै प्रत्यानुभूति (reflection) हो, पुनर्विचार हो, खोज हो र शोध हो । विचारका आधारमा यसलाई  पूर्वमीमांसा र उत्तरमीमांसा भनिन्छ । पूर्वमीमांसा पूर्व (prior) को खोज हो । त्यसैले यसलाई कर्ममीमांसा पनि भनिन्छ । यसले वेदको कर्मकाण्डको अध्ययन गर्छ । उत्तरमीमांसाचाहिँ पछिको खोज हो र भोलिको खोज हो । त्यसैले यसलाई ज्ञानमीमांसा पनि भनिन्छ । यसले वेदको ज्ञानपक्षको खोजी गर्छ । यी दुवै दर्शनले प्रत्यक्ष, अनुमान, उपमा, अर्थापत्ति तथा शब्दलाई प्रमाण मान्छन् । उत्तरमीमांसाले अनुपलब्ध (negative) र अभाव (non-existence) लाई पनि प्रमाणका रूपमा थपेको छ । यसलाई सजिलै अध्ययन विधि मान्न सकिन्छ । हर्म्युनिटिक्स हामीलाई स्वीकार्य भएजस्तो । पश्चिमालाई मीमांसाविधि स्वीकार्य हुनसक्छ । बनाउन सकिन्छ ।

वेदान्तदर्शन अद्वैत, द्वैत, विशिष्टद्वैत र द्वैताद्वैत गरी चारप्रकारका छन् । शङ्कराचार्यको अद्वैतवेदान्तले जीव (matter) र ब्रह्म (energy/conscience/wave) लाई एउटै मान्छ । मध्वाचार्यको द्वैतले जीव र ब्रह्मको बेग्लाबेग्लै अस्तित्व छ भन्ने कुरा स्वीकार्छ । रामानुजाचार्यको विशिष्टाद्वैतले ब्रह्म त एकै हो । तर पदार्थमा देखिँदा ब्रह्मकै अङ्ग भएर देखिनेभएकाले तिनीहरू सगुणी हुन् र विशिष्ट पनि छन् भन्ने मान्यता राख्छ । निम्बार्काचार्यको द्वैताद्वैतले एक नै बहु हो र बहु नै एक हो भन्छ । माटो र घडा एकै हो र पानीको थोपा र समुद्र एकै हो भन्छ । अद्वैतवेदान्तको सोचअनुसार विधिगत कुरामा केही फरक छन् । यसले प्रत्यक्ष, अनुमान, शब्द, उपमा, अर्थापत्ति तथा अनुपलब्धि सबैलाई प्रामाणिक मान्दछ । तर पदार्थ बुझ्न प्रत्यक्ष प्रमाणलाई प्राथमिकता दिन्छ । ब्रह्म बुझ्न शब्द प्रमाणलाई ध्यान दिन्छ । विशिष्टाद्वैत तथा द्वैतले शब्द तथा लिखित प्रमाणलाई प्रामाणिक ज्ञान मान्छ ।

म यो विधिबाट प्रत्यक्ष प्रमाण जोडछु । यसरी अनुमान प्रमाण ल्याउँछु । यसरी शब्द प्रमाण जोडछु भनेर अध्ययनविधि बनाउन सकिन्छ तर हामीले यसरी

अनुसन्धान गर्‍यौं त ? गरायौं त ? दर्शनमा द्वैत ? सिद्धान्तमा पदार्थ सत्य र उर्जा सत्य ? विधिमा साङ्ख्यका प्रामाणिक विधि ? वैशेषिक, पूर्वमीमांसा, उत्तरमीमांसा तथा वेदान्तमा पनि माथि उल्लेखित तरिका अपनाउन सकिन्छ । नेपाल संस्कृत विश्वविद्यालयले यसबारे पहल गर्न सक्छ । सायद संस्थागत सहकार्य वा दबाव जरुरी छ । भारतका केही अध्ययन (e. g. Vidyashree and Mondal, 2023; Thomson, nd; Mondal, 2020) ले यही कुराको सङ्केत गरेका छन् । त्यही दशा लुम्बिनी बौद्ध विश्वविद्यालयमा छ । यसले पनि संस्थागत दबाव वा सहकार्य खोजेको छ । मेरो एकल प्रयासको अनुभवले त्यसै भन्छ ।

मौनी तथा ध्यानी पुस्ताको अनुसन्धानविधि नमुनामा आधारित हो । म ब्रह्माण्डको नमूना (sample) हूँ । ब्रह्माण्डपञ्चतत्त्वले बनेको छ । म पनि पञ्चतत्त्वले बनेको हूँ । यो नमूना छनोटको सर्वोत्तम उदाहरण हो । म भौतिक पनि हुँ । मानसिक पनि हूँ । आत्मिक पनि हूँ भन्ने जानकारी दिने सफल नमूना छनोट विधि हो । डेक्चीमा भात पकाउँदा सीता छामेर सबै भात पाक्यो कि पाकेन भनी थाहा पाउने तरिकाजस्तो । यो तरिकालाई गणनात्मक विधिको नमूना छनोटको रूपमा राख्न सकिन्छ । यस्ता तरिकाहरू जनस्तरमा छन् । धान, सामा र मडिलोको बोट चिन्ने चिनाउने तरिकाजस्ता । विष र कुर्की चिन्ने चिनाउने तरिकाजस्तो । अवलोकनका विशिष्ट अभ्यास हुन् यी । तिनलाई अनुसन्धान गर्ने गराउने तथा पढाउनेले अभ्यासमा ल्याउन सक्छ । भैंसी किन्नेले सिङ हेर्छ । छाला हेर्छ । कल्चौंडो हेर्छ । जिब्रो हेर्छ । अनि मात्र मोलतोल गर्छ । यो क्लस्टर स्याम्प्लिङको असली नमूना हो । "भैंसी किन्ने विधि" भन्न नसक्ने हामी हौं । स्नोबलिङ घोक्ने भैंसी छनोटको विधि बेच्न नजान्ने । मागी विवाहको केटी हेर्ने पनि अर्को विधि हो । केटीलाई पानी दिन लगाउने अभिभावकको तरिका सन्दर्भको तयारी (context setting) हो । पानी कहाँबाट ल्याएको नानी भनी सोध्ने चलन बोलाइ जाँच्ने उपाय हो र स्वभाव जान्ने तरिका पनि हो । पानी दिन आउँदा र फर्केर जाँदा हिडाइको चाल जाँच्ने विधि हो तर "केटी माग्ने विधि" भनेर उपयोग गर्न नजान्ने पनि हामी नै हौं ।

अनुसन्धानले सत्यको खोजी गर्छ तर सत्य नै के हो ? घोटेर दाँत माझ्नु हिजोको सत्य हो । तलमाथि बुरुस (brush) चलाएर दाँत माझ्नु अहिलेसम्मको सत्य हो । तलको तलै माथिको माथि नै दाँत माझ्नु अबको सत्य हो । यजुर्वेदले भनेको योनीसत्य त्यही हो- सान्दर्भिक सत्य, पिसाब आउने सत्य, रज आउने सत्य,

बच्चा आउने सत्य र रगत आउने सत्य । यसरी हेर्दा बहुसत्यको कुरा गर्नेले "योनी सत्य" भन्ने शब्दलाई अनुसन्धान विधिको अङ्ग बनाउन सकिन्छ । यस क्रममा हामी पदार्थको बहुसत्य हुन्छ भन्न सक्छौं । मनको बहुसत्य हुन सक्छ भन्न सक्छौँ । तरङ्ग वा चेतन वा उर्जाको एकल सत्य भन्न सक्छौँ । ब्रह्मसूत्रले किन ब्रह्मलाई योनी भन्दोरहेछ भन्न सक्छौँ । किन मन्दिरमा योनी र लिङ्ग राखिनेरहेछ भन्न सक्छौँ । योनी प्रकृति वा पदार्थ वा भौतिक रहेछ । उर्जा वा चेतन वा तरङ्गलाई पो लिने भनेको रहेछ भन्न सक्छौँ । शक्ति सम्प्रदाय वा पन्थले बोकेको योनीको विशद अर्थ बुझ्न सक्छौँ । श्रीचक्रको नौवटा गाँठोको अर्थ जान्न सक्छौँ । यो पर्गेल्याइबाट अनुसन्धान गर्ने र गराउने दुबैथरी स्पष्टिन सक्छौँ ।

### ३.७ बोझिला शब्दको प्रयोग : तत्त्वमीमांसा, ज्ञानमीमांसा, तत्त्वज्ञान र मूल्यमीमांसा

अनुसन्धान गर्ने–गराउनेहरू किन बोझिला शब्द प्रयोग गर्छौं ? यो साझा प्रश्न हो । ती बोझिला शब्द हुन् – सत्त्व/सत्ता/तत्त्वमीमांसा (ontology) । ज्ञानमीमांसा (epistemolggy), तत्त्वज्ञान (metaphysics) र मूल्यमीमांसा /मान्यता (axiology) । कारण सोझो छ ती शब्दले अनुसन्धानको दर्शनशास्त्रीय आधार बोकेका हुन्छन् । अनुसन्धातामा त्यही आधार निर्माण गर्न बोझिला शब्दहरू प्रयोग गरिन्छ । कसैले शाब्दिक अर्थ समातेर जान्छौँ वा लान्छौं । कसैले बोझिला शब्द नराखी यसरी म गहिरिन्छु भन्छौँ । अनुसन्धान गर्ने गराउनेबीचको सम्झौता नै यसको समाधान हो । मेरो बुझाइमा देखिने, भोगिने र हुने (seeing, existing, and being) को साझा नाम हो सत्व/सत्ता मीमांसा (ontology) हो । देखिने (seeing) पदार्थ हो । भोग्ने मन तथा शरीर (existing) हो । भिन्नभिन्न अनुभूति हुने (being) हो । अनुसन्धाताले देख्यौँ के ? भोग्यौँ के ? त्यही घटनामा अरुको जस्तै वा अरुभन्दा भिन्न अनुभूति किन गर्‍यौँ भन्नासाथ उत्तरदाताको सत्व/सत्तामीमांसा बुझिन्छ । देख्यो भाले कुखुरा । सुन्दर लाग्यो । खाउँखाउँ लाग्यो । पाल्न मन लाग्यो । बेच्दा कति मोल आउँला भनी कल्पन मन लाग्यो । देखेको भाले कुखुरा हो । मन तथा शरीरले भोगेको थरीथरी हो । यो भोगाइ हो । सोही भोगाइले दिएको अभ्यन्तरको प्रतिक्रिया उत्तरदाताको अनुभूति हो ।

ज्ञान के थियो ? त्यो ज्ञान बनाउन के तर्क प्रयोग गरिएको थियो ? किन त्यो तर्क बन्यो ? यति कुराको नालीबेली जान्नु भनेको उत्तरदाताको ज्ञानमीमांसा (epistemolggy) बुझ्नु हो । हिमाली मान्छेले टोपी छोडेन । मधेसी मान्छेले टोपी

लाएन । अनुसन्धानकर्ताले देखेको यति हो । किन त्यसो भयो ? अनुसन्धाताको प्रश्न हो यो- आफैंलाई र उत्तरदातालाई । कारण अनुसन्धाताले खोज्लान् । उत्तरदाताले भन्लान् । तर्क आआफ्नै होलान् । पहिचानले, जाडोले र परम्पराले । यी तर्क हुन् । सत्य के हो भने तालुबाट चिसो पस्छ । हिमाली मान्छेले तालुबाट चिसो नपसोस् भनेर टोपी लगायो । अर्को शब्दमा भन्दा तालुबाट शरीरको तातो बाहिर नजाओस् भनेर टोपी लगायो । मधेसी मान्छेले शरीरको तातो तालुबाट बाहिरियोस् । शरीरले तालुबाट चिसो भित्र्याओस् भनेर टोपी लगाएन । असली ज्ञान यति हो । अङ्ग्रेजी शब्दको विच्छेदले तत्त्वज्ञान (metaphysics) बुझिन्छ । ब्रह्म (meta) र जीव (physics) । जीव (फिजिक्स) देखिने कुरा हो । ब्रह्म (मेटा) देखाउने कुरा हो । अर्थात् देख्ने र देखाउनेबीचको सहसम्बन्धले तत्त्व पनि चिनिन्छ र ज्ञान पनि हुन्छ । फलित ज्योतिष यसको उदाहरण हो । ग्रहको असर पदार्थमा देख्ने, जीवमा देख्ने र जगत्मा देख्ने । मूल्य मान्यता (axiology) भनेको चस्मा हो । केटाकेटा अँगालो मारेर हिँडे विपरीत लिङ्गीवालाले मिल्ने साथी हुन् भन्ने बुझ्छन् । समलिङ्गीका लागि यौनक्रीडासमेत चल्ने मित्र हुन जान्छन् । केटीकेटी अँगालो मारेर हिँडे पनि त्यही कुरा बुझिन्छ । उमेर पुगेका केटा र केटी अँगालो मारेर हिँडे नेपाली समाजले अनौठो मान्छ । पश्चिमी समाजले सहज मान्छ । बाटोमा केटा र केटीले चुम्बन गरे नेपालीले बेशर्मी ठान्छ । पश्चिमी जगत्लाई स्वाभाविक लाग्छ । त्यसैले अनुसन्धाताले उत्तरदाताको सत्य वा तर्कसँग जोडिएका मूल्यमान्यता पनि पहिचान गर्नुपर्छ भनिएको हो ।

पश्चिमाहरू एकाइमा सोच्छन्, कति बजेर कति मिनेट जाँदा (unit of time) भेट्ने भनेर । हामी थोक (bulk of time) मा सोच्छौँ बिहान भेटौँला । दिउँसो भेटौँला । भरे भेटौँला । अर्थात् निश्चित समय लेख्तैनौँ । किनकि समय हाम्रा लागि चक्रीय (cyclic) हो- मन्वन्तर घुम्ने र मनुको पालो फेरिने । गीत गाउँदा पनि एउटा हरफले आकाश छुन्छौँ र अर्कोले पाताल । तेस्रोले मनका कुरा भन्छौं । पश्चिमाले यो कुरा बुझ्दैनन् । त्यस्तै पश्चिमाका लागि समय धर्सीय (linear) हो । अनुसन्धानमा बोझिला शब्दको प्रयोग पनि त्यसरी नै बुझ्नुपर्छ । यसैले पूर्वीय अनुसन्धाताले माथिका बोझिला शब्दैपिच्छेका आफ्ना अवस्था भनेनन्, लेखेनन् र मन्त्रद्रष्टा बने । कसरी मन्त्र देखे त्यसका चरणहरू (steps) भनेनन् । पश्चिमाले भने र लेखे । यो प्रस्तुतिगत भिन्नता हो र सांस्कृतिक भिन्नता हो । हाम्रा मन्त्रद्रष्टा पनि बेनाम छन् । पश्चिमाका अभ्यासी पनि उल्लेखित छन् । यो गहिराइमा अनुसन्धान गर्ने गराउनेले

भन्न सक्नुपर्छ । जस्तो शिव र पार्वतीबीचको संवाद म सुनाउँछु । कहिलेको संवाद ? हामी जान्दैनौं । हाम्रा सन्दर्भग्रन्थले मिति नजान्ने कारण यही हो । यस्ता कुरामा पनि अनुसन्धान गर्ने तथा गराउनेहरू सचेत हुनुपर्छ । हामी भिन्न पनि हौं । यसरी पश्चिमाहरूसँग जोडिन सक्छौं । यसरी भन्ने तथा गर्ने काम प्राज्ञिकहरूको हो ।

## ४. निष्कर्ष

प्रस्तुत लेखमा अनेकौं कुराको सम्भावना देखाइएको छ । पहिलो, हामीसँग देख्ने दर्शन छ । लेख्ने दर्शन छ- अनुभूतिको, सोचको । वेदका भए पनि, उपनिषद्का भए पनि, पुराणका भए पनि, धम्मपद वा त्रिपिटकका भए पनि र मुन्धुम तथा कें का भए पनि यी सबै ज्ञानहरू साझा हुन् । मेरो ज्ञान भन्नु आत्मरति हो । तेरो ज्ञान भन्नु टाढिनु हो । ज्ञानहरू साझा हुन् भन्नु मानवता हो । प्राज्ञिक स्वीकारोक्ति हो । पश्चिम र पूर्व भनी छुट्याउनु ज्ञानको उद्गम क्षेत्र बताउने अभ्यास मात्र हो । दोस्रो, अनुसन्धानका दर्शन, सिद्धान्त, तथा विधि पहिल्याउन वा सिर्जना गर्न पश्चिमाहरू अग्रगामी छन् । हामी उनका अनुयायी मात्र भएका छौं । तेस्रो, हाम्रा रैथाने अभ्यास, धर्मशास्त्र, तथा जनबोलीमा अनेकौं उपयोगी शोधविधि छन् । तिनलाई हामीले पहिचान गरेका छैनौं । एकाधले पहिचान तथा खोज गरे पनि विस्तार गरेका छैनौं । यो छैनौंले दिने सन्देश हो पहिचान, खोज, तथा विस्तारका लागि हाम्रा धर्मशास्त्र, रैथाने अभ्यास, तथा जनबोलीहरू उर्वर भूमि हुन । तर तिनको खनजोत मलजल, तथा गोडमेल गर्नका लागि हामी शोध गर्ने, गराउने तथा पढाउनेहरूले त्यति ध्यान दिएका छैनौं । चौथो, देख्ने, लेख्ने, अनुभूत गर्ने सबै खाले दर्शन, सिद्धान्त तथा शोधविधिमा साम्यता एवं भिन्नता देखाउने सकिन्छ । तर हाम्रा प्राज्ञिक पाइलाहरू त्यतातर्फ मोडिएका छैनन् । पाँचौं कुरा हामी अनुसन्धानको रैथानेकरण तथा गैह्रऔपनिवेशीकरणबारे संवाद गर्छौं । पुनः आयातीत विधिमा नै पुग्छौं र पुगाउँछौं । अनुसन्धानका क्रममा र अध्ययनका क्रममा । यो अवस्था सहज रूपमा फेर्न फेराउन सकिन्छ । यसका लागि अनुसन्धान गर्ने गराउने, पढ्ने तथा पढाउनेहरू क्रियाशील हुनुपर्छ । छैटौं कुरा धर्मशास्त्रीय ज्ञानसम्बन्धी अध्येताहरूले जे लेखे विषयवस्तुमा आधारित गरेर लेखे । पश्चिमाहरूले त्यही कुरालाई अनुसन्धामा पनि जोडे- हर्म्युनिटिक अनुसन्धान र हर्म्युनिटिक फेनोमेनोलोजी । हामीले पनि यो सिको अपनाउन सक्छौं । सातौं कुरा आत्मरतिमा रमाउनु एउटा कुरा हो तर हामीले चाहिँ पूर्व र पश्चिमका अनुसन्धानका दर्शन, सिद्धान्त एवं विधि मिलाउन सक्छौं । एकअर्कालाई स्वीकारेर अगाडि बढन सक्छौं । आफ्नोपना पनि ल्याउन सक्छौं ।

## सन्दर्भसामग्री सूची

ऋग्वेद (२०७६). सम्पा. *प्रसन्नचन्द्र गौतम,* काठमाडौँ : कुलचन्द्र गौतम स्मृति संस्था ।

कोइराला, विद्यानाथ (२०७७). *उपनिषद्मा विज्ञान.* काठमाडौँ : जरोकिलो प्रतिष्ठान ।

कोइराला, विद्यानाथ (२०७९). *पुर्ख्यौली विज्ञान.* देवघाट : महेश गुरुकुलम् ।

कोइराला, विद्यानाथ (२०८०). *धर्महरूको कखरा.* काठमाडौँ : जरोकिलो प्रतिष्ठान

तिम्सिना, मोहन (२०८०). *जैविक दर्शन : वैज्ञानिक क्रान्तिको दार्शनिक विश्लेषण.* काठमाडौँ : जैविक चिन्तन अभियान ।

Abhayawansa, Kapila (2024). *Research methodology in Buddhist perspective*. https://ibc-elibrary.thanhsiang.org/files/public/. International Buddhist college. 3.7.

Chang, Otto (2024). Buddism and scientific method. (nd). *https://buddhism.lib.ntu.edu.tw. 3.11*

Prosenjit Mondal (2020). 6(5). A brief study of cosmological myths in rigveda. *ananta: International journal of Sanskrit research.* p. 88-91.

Thomson, Karen. (2024). A still undeciphered text: how the scientific approach to the rigveda would open up Indio- European studies. *www.rigveda.co.uk › asut1*. University of Texas at Austin. Linguistic Research Center. 4.8

Vidyashree, S. and Bharadwaj, Amulya. (2024). Trancending knowledge: holistic knowledge through upanishadic insight. *JETIR Research Journal https://www.ijnrd.org/papers/IJNRD2308173.pdf. 2023. 8(8)*. Interational journal of novel research and development.

*(लेखक त्रि.वि., शिक्षाशास्त्र सङ्कायका अवकाशप्राप्त प्राध्यापक हुनुहुन्छ।)*